



वर्ष ४८ | अङ्क ६ | फागुन २०८० | फेब्रुवरी-मार्च २०२४

# मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा सार्वजनिक

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८०/८१ को निम्ति जारी गरिएको मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा सार्वजनिक गरेको छ । बैंकले २०८० माघ २९ गते उक्त समीक्षा सार्वजनिक गरेको हो ।

चालु आर्थिक वर्षको छ महिनासम्मको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति, मौद्रिक नीति तथा यसको पहिलो त्रैमासिक समीक्षामार्फत गरिएका नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति, बजेटको अर्द्धवार्षिक समीक्षा र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परिदृश्यलाई आधार मानेर मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा गरिएको बैंकले जनाएको छ ।




समीक्षामार्फत पछिल्लो आन्तरिक तथा बाह्य आर्थिक स्थिति र परिदृश्यका आधारमा वार्षिक मौद्रिक नीतिमा लिइएको कार्यदिशालाई निरन्तरता दिइएको छ । आन्तरिक तथा बाह्य आर्थिक स्थिति र परिदृश्य तथा पहिलो त्रैमासिक समीक्षाका क्रममा गरिएका नीतिगत व्यवस्थालाई दृष्टिगत गरी ब्याजदर करिडोरअन्तर्गतका दरहरूलाई यथावत् राखिएको छ । अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी व्यवस्थाहरू यथावत् छन् । ब्याजदर करिडोरलाई प्रभावकारी बनाउने उद्देश्यले २०८० फागुनदेखि स्थायी निक्षेप सुविधालाई कार्यान्वयनमा ल्याइएको छ ।

संस्थागत मुद्दती निक्षेपको ब्याजदर निर्धारण गर्दा व्यक्तिगत मुद्दती निक्षेपमा प्रदान गर्ने ब्याजदरभन्दा एक प्रतिशत बिन्दुले न्यून राखी तय गर्न पाउने व्यवस्था मिलाइने समीक्षामा उल्लेख छ । यसअघि व्यक्तिगत र संस्थागत मुद्दती निक्षेपबीचको ब्याजदरमा अन्तर दुई प्रतिशत बिन्दुको अन्तर थियो ।कृषि, साना, घरेलु तथा मझौला उद्यम व्यवसायमा प्रवाह भएको रु. दुई करोडसम्मको कर्जालाई 'रेगुलेटरी रिटेल पोर्टफोलियो'मा गणना गर्न पाउने व्यवस्था गरिने बैंकले जनाएको छ । (हे. बक्स) ।

बाह्य क्षेत्रतर्फ चालु खाता र शोधनान्तर बचतमा रहेकाले तरलता स्थितिमा उल्लेख्य सुधार आउनुका साथै मौद्रिक विस्तार भएको समीक्षामा उल्लेख छ । साथै शोधनान्तर बचत र मूल्यमा परेको चाप कम हुँदै गएकाले नीतिगत कार्यदिशालाई सहज बनाउँदै लगिएको बैंकले जनाएको छ । यसबाट व्यावसायिक मनोबलमा क्रमिक सुधार आएको बैंकको आँकलन छ । बाह्य तथा वित्तीय क्षेत्रको परिदृश्य, नीतिगत कार्यदिशा, पुँजीगत खर्चमा आउने तीव्रता र बजेटमा घोषणा गरिएका आर्थिक सुधारसम्बन्धी कार्ययोजनाको कार्यान्वयनबाट कर्जा मागसँगै साथै आर्थिक गतिविधिमा पनि क्रमिक सुधार आउने बैंकको अपेक्षा छ । आर्थिक गतिविधिमा आउने सुधारबाट राजस्व परिचालन र बैंक तथा वित्तीय संस्थाको कर्जा असूली तथा लगानी क्षमतामा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा राखिएको छ ।

आन्तरिक आर्थिक गतिविधि र मुद्रास्फीतिको अवस्थालाई दृष्टिगत गरी मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा गर्दा मौद्रिक उपायहरूमा आवश्यकतानुसार परिमार्जन गरिने समीक्षामा उल्लेख छ । आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति २०८० साउन ७ गते सार्वजनिक गरिएको थियो । ■

### आरआरपी किन ?

रेगुलेटरी रिटेल पोर्टफोलियामा गणना हुने कर्जाको जोखिम भार गणना गर्दा विभिन्न चार वटा सर्त (Orientation Criteria, Product Criteria, Granularity Criteria and Low Value Individual Criteria) पूरा गरेका कर्जाको जोखिम भार ७५ प्रतिशत मात्र हुन्छ, जसलाई कम जोखिमयुक्त मानिन्छ । यसअघि ७५ प्रतिशत जोखिम भार कायम गर्नुपर्ने कर्जा रकमको सीमा रु.एक करोड रहेकोमा अब सो सीमा दुई करोडसम्म पुऱ्याइएको छ । यसबाट बैंक तथा वित्तीय संस्थाबाट उत्पादनशील क्षेत्रमा जाने कर्जा लगानी थप सहज हुन गई सो क्षेत्रमा थप कर्जा प्रवाह हुनसक्ने र बैंक तथा वित्तीय संस्थाको पुँजीकोषमा केही सहजीकरण हुने अपेक्षा राखिएको छ ।

# वित्तीय क्षेत्र सर्वेक्षणसम्बन्धी अन्तरक्रिया




आर्थिक अनुसन्धान विभागले बैंकिङ तथा गैर-बैंकिङ वित्तीय क्षेत्रका एकीकृत तथ्याङ्कलाई समेटेर 'वित्तीय क्षेत्र सर्वेक्षण' तयार गरेको छ।

गभर्नर महाप्रसाद अधिकारी तथा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थितिमा विभागद्वारा माघ ४ गते काठमाडौंमा आयोजित अन्तरक्रिया कार्यक्रममा उक्त सर्वेक्षणको नतिजालाई प्रस्तुत गरिएको हो। केन्द्रीय बैंक र निक्षेप सङ्कलन गर्ने बैंक तथा वित्तीय संस्थाको वासलातबाट तयार हुने 'मौद्रिक सर्वेक्षण (Monetary Survey)' तथा लघुवित्त संस्था र सम्झौतित बचत परिचालन गर्ने बीमा कम्पनीहरू, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल पूर्वाधार बैंक लिमिटेड, हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीलगायतका गैर-बैंकिङ वित्तीय संस्थाको वासलातबाट तयार हुने 'अन्य वित्तीय संस्था सर्वेक्षण (Other Financial Corporation Survey)' लाई एकीकृत गरेर 'वित्तीय क्षेत्र सर्वेक्षण (Financial Corporation Survey)' तयार गरिएको विभागले जनाएको छ।

सर्वेक्षणमार्फत विभागले आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्मका वित्तीय क्षेत्र र अन्य वित्तीय क्षेत्रअन्तर्गतका संस्थाहरूको तथ्याङ्कलाई समेटेर तथ्याङ्क तयार गरेको छ। यसअनुसार २०८० असारमसान्तमा कुल गार्हस्थ्य उत्पादनसँगको तुलनामा वित्तीय क्षेत्रको समग्र आन्तरिक दाबी, निजी क्षेत्रमाथिको दाबी र तरल दायित्व क्रमशः १२७.२ प्रतिशत, १०७.७ प्रतिशत र ९९.३ प्रतिशत रहेको छ। मौद्रिक सर्वेक्षणलाई मात्र आधार मान्दा यस्ता तुलनायोग्य अनुपातहरू क्रमशः ११४.६ प्रतिशत, ९१.१ प्रतिशत र ११३.९ प्रतिशत रहेका थिए।

वित्तीय क्षेत्र सर्वेक्षणले आ.व. २०७८/७९ को तुलनामा आ.व. २०७९/८० मा खुद वैदेशिक सम्पत्ति र खुद आन्तरिक सम्पत्ति क्रमशः २५.८ प्रतिशत र ७.६ प्रतिशतले वृद्धि भएको देखाएको छ। सो अवधिमा वित्तीय क्षेत्रको कुल आन्तरिक दाबी ८.६ प्रतिशतले र निजी क्षेत्रमाथिको दाबी ५.० प्रतिशतले बढेको पाइएको छ। यस्तै, तरल दायित्व ११.८ प्रतिशतले बढेको सर्वेक्षणले देखाएको छ। यसै गरी, अन्य वित्तीय संस्था सर्वेक्षणले अघिल्लो वर्षको तुलनामा आ.व. २०७९/८० मा कुल आन्तरिक दाबी ७.६ प्रतिशतले वृद्धि भएको देखाएको छ। यस्तै, सो अवधिमा खुद वैदेशिक दाबी २१५.८ ले घटेको छ भने खुद आन्तरिक सम्पत्ति ९.९ प्रतिशतले बढेको छ।

सो अवसरमा विभागका निर्देशक डा.माधव दंगालले सर्वेक्षणबाट प्राप्त मुख्य नतिजालाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो। सरोकारवालासँगको छलफलपछि सर्वेक्षणलाई अन्तिम रूप दिइने जानकारी उहाँले दिनुभयो।

कार्यक्रममा गभर्नर अधिकारीले लामो प्रयासपछि वित्तीय क्षेत्र सर्वेक्षणको संयन्त्र तयार भएको उल्लेख गर्दै वित्तीय क्षेत्रका सबै पक्षलाई यसमा समेट्ने प्रयास गरिएको धारणा राख्नुभयो। उक्त सर्वेक्षणलाई वस्तुनिष्ठ, गुणस्तरीय र यथार्थपरक बनाउनका निम्ति आ-आफ्नो क्षेत्रका तथ्याङ्क नियमित रूपमा उपलब्ध गराइदिन समेत उहाँले सरोकारवाला निकायहरूसँग आग्रह गर्नुभयो।

कार्यक्रममा कर्मचारी सञ्चय कोषका प्रशासक जितेन्द्र धिताल, नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल, नागरिक लगानी कोषका निमित्त कार्यकारी निर्देशक शोभा श्रेष्ठलगायतले सर्वेक्षणका नतिजाका सम्बन्धमा आ-आफ्नो धारणा राख्दै तथ्याङ्कलाई वस्तुनिष्ठ र यथार्थपरक बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको थियो। सो अवसरमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरूसँगै बैंकर्स एसोसिएसन, निक्षेप तथा कर्जा सुरक्षण कोष, बीमा कम्पनीहरू, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल बीमा प्राधिकरण, नेपाल पूर्वाधार बैंक लिमिटेड, हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडलगायतका संस्थाका प्रतिनिधिको सहभागिता थियो।

कार्यक्रममा कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले स्वागत मन्तव्य राख्दै वित्तीय क्षेत्र सर्वेक्षणका उद्देश्य र उपादेयताबारे जानकारी दिनुभयो भने उप-निर्देशक नन्दकुमार ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

नेपाल राष्ट्र बैंकको 'चौथो रणनीतिक योजना (२०२२-२०२६)' मा योजना अवधिभित्रै वित्तीय क्षेत्र सर्वेक्षण तयार गरी प्रकाशन गर्ने लक्ष्य लिइएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको प्राविधिक सहयोगमा बैंकले उक्त सर्वेक्षण तयार गरेको हो। कोषले तयार गरेको 'मौद्रिक तथा वित्तीय क्षेत्रको तथ्याङ्क प्रशोधन मार्गदर्शन, २०१६' को आधारमा उक्त सर्वेक्षण तयार गरिएको जनाइएको छ। बैंकले प्रकाशन गर्दै आएको मौद्रिक सर्वेक्षणको ढाँचालाई समेत निरन्तरता दिँदै त्रैमासिक रूपमा वित्तीय क्षेत्र सर्वेक्षण र अन्य वित्तीय संस्था सर्वेक्षण प्रकाशन गर्ने आर्थिक अनुसन्धान विभागको तयारी छ। ■

# लेखा निर्देशिकासम्बन्धी गोष्ठी सम्पन्न



वित्त व्यवस्थापन विभागले पुस १३ गते भक्तपुरमा 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८०' को विषयमा गोष्ठी आयोजना गर्‍यो ।

कार्यक्रममा अध्यक्षता गर्नुभएका कार्यकारी निर्देशक रामु पौडेलले बैंकका विभाग/कार्यालयले लेखा निर्देशिकाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा मानव संशाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार छेत्रीले कर्मचारीले आफ्नो कामकारबाहीसँग सम्बन्धित विषयमा लेखा निर्देशिकामा उल्लिखित व्यवस्थाबारे जानकार हुनुपर्ने धारणा राख्नुभयो ।

गोष्ठीमा वित्त व्यवस्थापन विभागका निर्देशक मीना पाण्डेले नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८० मा समावेश भएका विभिन्न व्यवस्थाबारे चर्चा गर्दै कारोबारको लेखा राख्दा उक्त निर्देशिकाको अनुसरण हुनुपर्ने धारणा राख्नुभयो । वित्तीय संघीयताबमोजिमको सरकारी कारोबार र नेपाल वित्तीय प्रतिवेदनमान (एनएफआरएस) बमोजिम नयाँ निर्देशिका जारी गरिएको जानकारीसमेत उहाँले दिनुभयो ।

गोष्ठीमा सहायक निर्देशक विनु लुइँटेलले 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८०' को संशोधित व्यवस्थाबारे चर्चा गर्दै पट्टा (लिज) र वित्तीय उपकरणको लेखाविधिबारे चर्चा गर्नुभयो । सो अवसरमा विभागका निर्देशक रामप्रसाद गौतमले स्वागत मन्तव्य राख्दै लेखा निर्देशिकाको व्यवस्थाबारे कर्मचारीलाई जानकारी दिने उद्देश्यले उक्त गोष्ठी आयोजना गरिएको जानकारी दिनुभयो ।

गोष्ठीमा वित्त व्यवस्थापन विभागका ३४ जना कर्मचारीको सहभागिता थियो । उप-निर्देशक रामकाजी खाइजूले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# इकाइका कर्मचारीका निम्ति अनुशिक्षण कार्यक्रम



वित्तीय जानकारी इकाइले पुस १४ गते आफ्ना कर्मचारीहरूका निम्ति अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

इकाइका नियमित कामकारबाही, अन्तर्राष्ट्रिस्तरमा भएका असल अभ्यास, पारस्परिक मूल्याङ्कनलगायतका विषयलाई समेटेर इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा बैंकका उप-निर्देशक एवम् सम्पत्ति शुद्धीकरण मामिलाका विज्ञ हरिकुमार नेपालले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी विद्यमान कानुनी व्यवस्था, अन्तर्राष्ट्रिय अभ्यास, प्रवृत्ति, पारस्परिक मूल्याङ्कनलगायतका विषयमा सहभागीहरूलाई जानकारी दिनुभयो ।

कार्यक्रममा इकाइका प्रमुख दीर्घबहादुर रावलले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी व्यवस्था, इकाइको कार्य र भूमिकालगायतका विषयमा धारणा राख्नुभयो । कार्यक्रममा इकाइका सम्पूर्ण कर्मचारीको सहभागिता थियो । ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न





२०८० पुस र माघ महिनामा विभिन्न कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भएका छन् । यसै क्रममा गभर्नरको कार्यालयले माघ २० गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा नेपाल राष्ट्र बैंकका सञ्चालक डा. शङ्करप्रसाद आचार्यले 'Triple Cs of Indigenous Miracle Grains' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सञ्चालक आचार्यले विभिन्न प्रजातिका रैथाने अन्नबारे चर्चा गर्दै तिनको खेतीपाती, उपभोग र बजारीकरणका विविध पक्षबारे जानकारी दिनुभयो । साथै उहाँले कोदोका विभिन्न प्रजाति, स्वाथ्यका दृष्टिले कोदोबाट हुने लाभबारे उल्लेख गर्दै नेपाल, भारत र चीनमा यसको खेतीको अवस्थाबारे प्रकाश पार्नुभयो । त्यस क्रममा सञ्चालक आचार्यले अन्य अन्नबालीबारे संक्षिप्त चर्चा गर्दै त्यसबाट हुने लाभ र खानपान संस्कृतिका विषयमा समेत धारणा राख्नुभएको थियो ।

सो अवसरमा कार्यालयका निर्देशक किरण पण्डितले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले समापन मन्तव्य राख्नुभयो ।

यसै गरी, नेपालगञ्ज कार्यालयले पुस ५ गते कार्यालयको सभाकक्षमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका सहायक निर्देशक राहुल कनोजियाले 'Procurement Management in NRB' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले खरिदसम्बन्धी कानुनी व्यवस्था, लागत अनुमान, खरिद योजना र सम्झौता, सोझै खरिद, सिलबन्दी दरभाउ र बोलपत्रमार्फत हुने खरिद प्रक्रियाबारे जानकारी दिनुभयो । कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाको संयोजकत्वमा उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

वित्तीय जानकारी इकाइले पुस १२ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा सहायक (सू.प्र.) विवेश पोखरेलले इकाइमा हाल सञ्चालनमा रहेका सूचना प्रविधिसम्बन्धी पूर्वाधार, अभिलेख व्यवस्थापन सफ्टवेयर र यसमा हुने प्रविष्टि/विवरणबारे जानकारी दिनुभयो । सो अवसरमा उप-निर्देशक केशवप्रसाद रिमालले शङ्कास्पद कारोबार र शङ्कास्पद गतिविधिसम्बन्धी रिपोर्टिङको प्रगति विवरण प्रस्तुत गर्नुभयो भने उप-निर्देशकद्वय स्वरूप श्रेष्ठ र विष्णुप्रसाद गुरागाईंले प्रस्तुत विषयमाथि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा इकाइका प्रमुख दीर्घबहादुर रावलले शङ्कास्पद कारोबार र शङ्कास्पद गतिविधिको रिपोर्टिङ, विश्लेषण र प्रस्तुतिमा गुणात्मक सुधार हुनुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।

यसै गरी, विदेशी विनिमय व्यवस्थापन विभागले माघ २६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा विभागका उप-निर्देशक सुरेशकुमार दाहालले 'Exchange Rate Regime in Nepal' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले विदेशी विनिमय दर निर्धारणको सैद्धान्तिक पक्ष, विनिमय दर र मौद्रिक नीतिबीचको सम्बन्ध, नेपालमा विनिमय दरको पृष्ठभूमि, विद्यमान अवस्था र भावी कार्यदिशाका विषयमा चर्चा गर्नुभयो । ■





# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न




बैंकर्स प्रशिक्षण केन्द्रले माघ महिनामा विभिन्न चार वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यस क्रममा केन्द्रले माघ २ देखि ३ सम्म भक्तपुरको बोडेमा 'सिक्का डिजाइन र टकमरी' विषयक तालिम सञ्चालन गऱ्यो। बैंकको टक्सार महाशाखाका प्राविधिक कर्मचारीलाई सिक्का डिजाइन र टकमरीसम्बन्धी आवश्यक सीप अभिवृद्धि गर्ने उद्देश्यका साथ उक्त तालिम आयोजना गरिएको केन्द्रले जनाएको छ।

तालिममा टक्सार महाशाखाका सहायक निर्देशक, मेकानिकल इन्जिनियर, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक ओभरसियर, मूर्तिकला तथा चित्रकला सुपरभाइजर, जुनियर आस्सेयर, सहायक र प्रयोगशाला सहायक, मेकानिक (सहायक) सहित १९ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई मुद्रा व्यवस्थापनको नीतिगत व्यवस्था, सिक्का निष्कासन प्रक्रिया, डिजाइन र टकमरी गर्ने विधिलगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले माघ १४ देखि १७ गतेसम्म 'Banking Operation' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। १० सैद्धान्तिक, एक प्रयोगात्मक र एक सामूहिक प्रस्तुति गरी १२ वटा सेसनमा उक्त तालिम सञ्चालन गरिएको थियो। तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत ३० जना सहायकस्तरीय कर्मचारीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई नगद व्यवस्थापन, सरकारी लेखा र कारोबार, खाता व्यवस्थापन, विप्रेषणसम्बन्धी कार्य, प्रतीतपत्र, भुक्तानीका प्रक्रिया, इलेक्ट्रोनिक चेक क्लियरिङलगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

केन्द्रले माघ २१ देखि २६ गतेसम्म 'Risk Based Supervision' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो। १७ वटा सेसनमा सञ्चालित तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो। तालिममा जोखिममा आधारित सुपरिवेक्षणको अवधारणा, संस्थागत सुशासन, बाजल सिद्धान्त, स्थलगत/गैरस्थलगत निरीक्षण प्रक्रिया, सम्पत्ति शुद्धीकरण निवारण, कर्जा/सञ्चालन/तरलता/बजारसम्बन्धी जोखिमको व्यवस्थापन, सुपरिवेक्षकीय सूचना प्रणाली, स्ट्रेस टेस्टिङलगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले माघ २८ देखि २९ गतेसम्म 'Ethics and Behavior in Organization' विषयक सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारी सहभागी तालिममा नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावलीमा उल्लिखित नीतिगत तथा आचरणगत व्यवस्था, कार्यस्थलमा आवश्यक पर्ने सदाचारिता, व्यावसायिक मूल्य, नेतृत्व शैली, सङ्गठन व्यवहारलगायतका विषयमा प्रशिक्षण दिइएको जानकारी केन्द्रले दिएको छ। ■

# एकीकृत परिपत्रसम्बन्धी गोष्ठी

विदेशी विनिमय व्यवस्थापन विभागले माघ २७ गते विभागद्वारा जारी एकीकृत परिपत्र र अन्य नीतिगत व्यवस्थाका सम्बन्धमा गोष्ठी आयोजना गऱ्यो।

एकीकृत परिपत्र र अन्य नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनका निम्ति कर्मचारीलाई आवश्यक जानकारी दिने उद्देश्यले विभागले उक्त गोष्ठी आयोजना गरेको हो। सो अवसरमा विभागका उप-निर्देशक मणिराज श्रेष्ठले विभागबाट जारी परिपत्र र अन्य नीतिगत व्यवस्थालाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो। गोष्ठीमा विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरे, तत्कालीन कार्यकारी निर्देशक रामु पौडेल, निर्देशक र अन्य कर्मचारीको सहभागिता थियो। कार्यक्रममा



विभागका निर्देशकद्वय निश्चल अधिकारी र विज्ञानराज सुवेदीले विभागीय अनुभवका सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभयो।

सो अवसरमा कार्यकारी निर्देशक घिमिरेले समापन मन्तव्य राख्दै यस्ता कार्यक्रमबाट लाभ लिँदै विभागका कामकारबाहीलाई प्रभावकारी बनाउन कर्मचारीहरूलाई निर्देशन दिनुभयो। विभागका उप-निर्देशक राजनप्रसाद अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# बढुवा

बैंकिङ विभागका उप-निर्देशक सुवास आचार्य र मानव संसाधन व्यवस्थापन विभाग (कामकाज: अर्थ मन्त्रालय) का उप-निर्देशक डा. हरिकुमार नेपाल निर्देशक (अधिकृत प्रथम) पदमा बढुवा हुनुभएको छ।

कार्यक्षमता मूल्याङ्कनका आधारमा माघ २३ गते उहाँहरूको बढुवाको निर्णय भएको हो। यसै गरी, सोही दिनको निर्णयानुसार विभिन्न विभाग/कार्यालयका आठ जना सहायक निर्देशकहरू उप-निर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनुभएको छ। यसरी बढुवा हुनेमा लघुवित्त संस्था सुपरिवेक्षण विभागका पुरुषोत्तम खतिवडा र रेवतीराज पौडेल, विदेशी विनिमय व्यवस्थापन विभागका अनाडायर सुवेदी, नेपालगञ्ज कार्यालयका लवली श्रीवास्तव र भीमार्जुन शाह, बैंकिङ विभागका पुनिता मण्डल, मानव संसाधन व्यवस्थापन विभागका विजय केसी र सिद्धार्थनगर कार्यालयका रमेशकुमार न्यौपाने हुनुहुन्छ।

यसै गरी, विभिन्न विभाग/कार्यालयका पाँच जना प्रधान सहायकहरू सहायक निर्देशक (अधिकृत तृतीय) पदमा बढुवा हुनुभएको छ। जसअनुसार सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका नरेन्द्र पाण्डे, गभर्नरको कार्यालयका रञ्जन गौतम, जनकपुर कार्यालयका गोपालबहादुर बुढाथोकी, वीरगञ्ज कार्यालयका अभिनाशकुमार गुप्ता र भुक्तानी प्रणाली विभागका संजीव बखेलको बढुवा भएको हो।

यसै गरी, विभिन्न विभाग/कार्यालयका १५ जना सहायकहरू प्रधान सहायक (सहायक प्रथम) श्रेणीमा बढुवा हुनुभएको छ। यसरी बढुवा हुनेमा विराटनगर कार्यालयका राधाकृष्ण खड्का, ऋचा दाहाल र दीक्षा सुवेदी, मौद्रिक व्यवस्थापन विभागका धनबहादुर न्यासुर तामाङ, धनगढी कार्यालयका मोहन धानुक, बैंकिङ विभागका पूर्णिमा कोइराला र गोमा धिताल, टक्सार महाशाखाका कमला कार्की, बैंक सुपरिवेक्षण विभागका ऋषिबाबु चापागाईं, वित्त व्यवस्थापन विभागका पूर्णमाया बस्नेत, मुद्रा व्यवस्थापन विभागका पूर्णप्रसाद भण्डारी, सन्तोष पौडेल र बालकृष्ण अर्याल, मानव संसाधन व्यवस्थापन विभागका देवी भण्डारी र मौद्रिक व्यवस्थापन विभागका पवित्रा पाण्डे हुनुहुन्छ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाइ ज्ञापन गर्दछ। ■

# अवकाश

मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक नवराज तिवारीले माघ १ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। उहाँले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
**सूचना तथा सञ्चार महाशाखा**
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सविन ओली
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल